# कृष्णपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल


पत्र संख्या : २०७५/७६

## प्रेस विज्ञप्ति

### कृष्णपुर नगरपालिकाको चौथो नगरसभा सम्पन्न

कृष्णपुर नगरपालिकाको चौथो नगरसभा तथा विधेयक अधिवेशन २०७५/१०/२७ गते सभाका अध्यक्ष श्री कर्ण बहादुर हमालज्यूको अध्यक्षतामा कुल ४९ मध्ये ४४ सदस्यहरुको उपस्थितिमा सु-सम्पन्न भएको छ । नगरपालिकाको अनुरोधमा पाल्नुभएका सुदूरपश्चिम प्रदेशसभाका सदस्यहरु माननीय श्री महेशदत्त जोशी र माननीय श्री देवराज पाठकज्यूबाट नगरसभामा विशेष सम्बोधन भएको थियो । नगर उपप्रमुख रमिता रानाज्यूले सभामा स्वागत मन्तव्य र चालु आ.व. २०७५/७६ को आर्थिक विवरण सहितको अर्धवार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । सभामा देहाय बमोजिम विधेयक तथा प्रस्तावहरु छलफल भई पारित भएका छन् ।

| सि.नं. | प्रस्तावहरु | प्रस्तुतकर्ता | सभाको निर्णय |
|---|---|---|---|
| १. | न्यायिक समिति कार्यविधि सम्बन्धी विधेयक, २०७५ | विधेयक समिति संयोजक श्री बसन्ती रावल | सर्वसम्मतिले पारित |
| २. | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयक, २०७५ | वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक श्री मोहन बहादुर बस्नेत | सर्वसम्मतिले पारित |
| ३. | संघसंस्था दर्ता विधेयक, २०७५ | सामाजिक विकास समितिका संयोजक श्री गोविन्द वि.क. | सर्वसम्मतिले पारित |
| ४. | दरबन्दी तथा संगठन संरचना | सार्वजनिक सेवा तथा क्षमता विकास समिति संयोजक श्री आशुराम चौधरी | सर्वसम्मतिले पारित |
| ५. | कार्यक्रम संशोधन तथा स्वीकृति | २ नं. वडाध्यक्ष श्री जय नारायण जोशी | बहुमतले पारित |
| ६. | विविध प्रस्तावहरु | प्रस्तुतकर्ता सदस्यहरु | सर्वसम्मति/बहुमतले पारित |

विविध प्रस्तावहरु उपर विचार गरियोस् भन्ने प्रस्तावहरु तथा सभाको विशेष समयमा उठेका प्रश्नहरु सम्बोधन गर्दै नगरपालिकाका मेशिनरी औजार र सवारी साधनहरु परिचालन गरी सटर र राजमार्ग बीचको भाग सम्याई व्यावसायिक सटरहरु भाडामा लगाउन आवश्यक बजेट मर्मत संभार कोषबाट विनियोजन गर्ने, छाडा चौपायाको दीर्घकालीन समाधानका लागि उपयुक्त र प्रभावकारी कदम चाल्न नगर कार्यपालिकालाई जिम्मेवारी प्रदान गर्ने निर्णयहरु भएका छन् । त्यसैगरी, सदस्यहरुको सामाञ्जस्यपूर्ण सेवा सुविधा निर्धारणका लागि प्रदेश सरकार समक्ष अनुरोध गर्ने, सुकुम्वासी, भूमिहीन,आरक्ष पीडितका मागहरु र अव्यवस्थित बसोबास व्यवस्थापनका लागि प्रदेश सरकार तथा नेपाल सरकारसमक्ष अनुरोध गर्ने लगायत महत्वपूर्ण निर्णयहरु भएका छन् ।

चौथो नगरसभा भव्यतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने प्रदेश सभाका माननीयज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, सभाको सचिवालय तथा विषयगत शाखाका कर्मचारीहरु, विभिन्न राजनीतिक दलहरु, कृष्णपुर नगरबासी, सुरक्षाकर्मी लगायत सबैमा नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

..............................

(मेघनाथ रिजाल)

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७५।१०।२७



फोन नं. ०९९-४१२०४१, ईमेल:info@krishnapurmun.gov.np, ito.krishnapurmun@gmail.com